जनमुखी पत्रकारिताको अभ्यास

जि.प्र.का.ड.द.नं.१४/०६७/६८, जि.हु.का.ड.द.नं. ३४/२०८२/८३

# लाल बिगुल

Lalbigul National Daily राष्ट्रिय दैनिक

वर्ष:- १५ अंक:- २२ २०८२ साल साउन २६ सोमवार ( Aujust 11, 2025) पृष्ठ संख्या:- ४ मुल्य रु : ५।-

## डडेल्धुरामा वडाध्यक्षद्वारा दलित युवामाथि चप्पल प्रहार, कानुन उल्लङ्घनको आरोप

**बिगूल समाचार**

**२६ साउन २०८२**



डडेल्धुरा । परशुराम नगरपालिकाका एक वार्ड अध्यक्षले एक युवक माथि कुटपिट तथा अवद्र व्यवहार गरेका छन् ।

परशुराम नगरपालिका ८ का वडाध्यक्ष दिनेश प्रसाद जोशीले सोही वडाका २४ वर्षीय लोकेन्द्र लुहार (वि.क)लाई द्वारिक चोक नजिकै कन्चडमा खुट्टाको चप्पल निकालेर प्रहार गर्दै “तिमीहरू औकातमा बस, हैसियतमा बस” भन्ने जस्ता जातीय विभेदपूर्ण शब्द प्रयोग गरेको आरोप लुहारले लगाएका छन् । म बिरामी भाइलाई मोटरसाइकलमा राखेर अस्पताल लैजादै गर्दा वार्ड अध्यक्षले अभद्र व्यवहार गरेका हुन् । अभद्र व्यवहार पछी इलाका प्रहरी कार्यालय जोगबुढामा बोलाएर, मैले हानेकै हो भनेर उल्टै मलाई नै हप्काई दप्काई गरेरको पिडितले बताए ।

घटनाको विषयमा इलाका प्रहरी कार्यालय जोगबुढाका प्रमुखलाई बुझ्ादा दुवै पक्षा इलाकामा आएको र सामान्य वादविदा भएको भनि १०/१५ मिनेट आपसी छलफल गरेर घर गएको बताए । विभिन्न सामाजिक संञ्जालमा पिडितको मुद्दा दर्ता भएन भन्ने गुनासो आएको छ यो विषयमा प्रहरीको धारण केहो भनेर बुझ्ादा, सामाजिक संञ्जालमा आएको कुरा राजनैतिक प्रतिशोध र विरोधाभास भएको प्रहरी प्रमुखले वताए ।

घटनाका सन्दर्भमा नेपाल दलित मुक्त मोर्चा डडेल्धुराका अध्यक्ष धर्मेन्द्र नेपालीले आफ्नो समाजिक संञ्जाल फेसबुक मार्फत कडा आपत्ति जनाउँदै दोषीमाथि तत्काल कानुनी कारबाही गर्न चेतावनी दिएका छन् । “एसरि सार्वजनिक स्थान बाटोघाटोमा दलितका छोराछोरी माथि चप्पल हानिन्छ, न्यायका लागि प्रहरीमा जाँदा पनि न्याय मिल्दैन भने यस्तो विभेद र हिंसा कदापि सह्य हुने छैन” भनेर प्रतिक्रिया दिएका छन् ।

सामाजिक सञ्जालमा पनि वडाध्यक्षको व्यवहारको तीव्र आलोचना भइरहेको छ। धेरैले “हामीले भोट दिएर जिताएका जनप्रतिनिधिले यस्तै अपमान गर्छन् भने यो जनताको विश्वासमाथिको ठाडो प्रहार हो” भन्दै तत्काल राजीनामा र कानुनी कारबाहीको माग गरेका छन् ।

नेपालको संविधान २०७२ भाग ३ धारा १८ ले सबै नागरिकलाई समानताको हकको ग्यारेन्टी दिएको छ र जातीय विभेदलाई पूर्णतया निषेध गरेको छ। त्यस्तै, जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन २०६८ को दफा ४ अनुसार, सार्वजनिक स्थानमा जातीय आधारमा गरिएको अपमान, दुर्व्यवहार वा आक्रमण आपराधिक कसुर मानिन्छ र दोषीलाई जेल सजाय तथा जरिवाना गर्न सकिन्छ । सार्वजनिक बाटोमै दलित युवामाथि गरिएको यो अपमानजनक आक्रमण संविधान र ऐन दुवैको प्रत्यक्ष उल्लङ्घन हो। घटनाका विषयमा सम्बन्धित वार्ड अध्यक्षलाई बुझ्न खोज्दा समाचार निर्माण गर्दा सम्म सम्पर्क भएको छैन्।

## दार्चुलामा महालक्ष्मी विकास बैंकका चार कर्मचारीविरुद्ध दुई करोडभन्दा बढी रकम हिनामिनाको मुद्दामा पक्राउ

**बिगूल समाचार**

**२६ साउन २०८२**

दार्चुला। दार्चुलाको शैल्यशिखर नगर पालिका-९ मा रहेको महालक्ष्मी विकास बैंक लिमिटेडको गोकुलेश्वर शाखाबाट दुई करोड ८४ लाख ७६ हजार सात सय दुई रुपैयाँ उनन्तीस पैसा रकम हिनामिना गरिएको पुष्टि भएपछि चार जना बैंक कर्मचारी पक्राउ परेका छन् ।

पक्राउ पर्नेहरूमा नगद विभागमा कार्यरत २९ वर्षीया निर्मला साउँद, ग्राहक सहायता कक्षका २८ वर्षीय अम्बादत्त पन्त, शाखा प्रबन्धक ३५ वर्षीय सागर शाही, र कर्जा विभागका ३१ वर्षीय धनञ्जय पन्त रहेका छन्। उनीहरू सबै बैंकको आन्तरिक अनुसन्धानमा संलग्न रहेका छन् ।

महालक्ष्मी विकास बैंकले आन्तरिक रूपमा गरेको प्रारम्भिक अनुसन्धानका आधारमा यी कर्मचारीहरूले बैंकको मूल खातामा पर्याप्त मौज्दात देखाएर नेपालमा प्रतिबन्धित अनलाइन जुवा प्लेटफर्म ‘वान एक्स बेट’ मा बैंकको ठूलो रकम लगानी गरी हिनामिना गरेको तथ्य सार्वजनिक भएको थियो। बैंकले उनीहरूलाई निलम्बन गरी प्रहरीलाई उजुरी दिएको थियो। जिल्ला प्रहरी कार्यालय दार्चुलाले २०७८ साउन २४ गते पक्राउ गरी बैंकिङ कसुर मुद्दा दर्ता गरेको र अदालतबाट सात दिनको म्याद थप गरी थप अनुसन्धान गरिरहेको जनाएको छ ।

प्रहरी नायब उपरीक्षक प्रकाश दाहालले घटनाको गम्भीरतालाई औंल्याउँदै भने, “यो घटनाले बैंकिङ प्रणालीप्रति जनविश्वास कमजोर हुनसक्छ । त्यसकारण हामी यस मामलामा कडाइका साथ अनुसन्धान र कानुनी प्रक्रिया अघि बढाइरहेका छौं ।”

बैंकका प्रवक्ता हेमराज जोशीले भने, “हामीले घटना सार्वजनिक हुनासाथ कारबाही प्रक्रिया सुरु गरेका छौं र कामकाज सामान्य रुपमा सञ्चालनमा राखिरहेका छौं। भविष्यमा यस्ता घटना रोक्न कडा नियन्त्रण व्यवस्था अपनाउने प्रतिबद्धता पनि जनाउँछौं ।”

यो घटनाले बैंकिङ क्षेत्रको सुरक्षा र व्यवस्थापनमा सुधारको आवश्यकतालाई पुनः उजागर गरेको छ ।

## कैलाली कारागारको स्थिति नियन्त्रणमा

**बिगूल समाचार**

**२६ साउन २०८२**




डडेल्धुरा । गत शुक्रबार राति २ पक्षका कैदीबन्दीबीच भएको झडपका कारण तनावग्रस्त बनेको जिल्ला कारागार कार्यालय कैलाली सामान्य अवस्थामा फर्किएको छ । झडपको करिब ४० घन्टापछि कारागार प्रहरीको पूर्ण नियन्त्रणमा आएको छ भने मावनअधिकार आयोगसमेतको रोहबरमा घटनास्थलको निरीक्षण र कैदीबन्दीको गणना भएको छ । यसअघि कैदीबन्दीले थुनुवा कक्षमा भित्रबाटै लक गरेर कसैलाई प्रवेश गर्न दिएका थिएनन् ।

४० घन्टासम्म कारागार प्रहरीको नियन्त्रणबाहिर रहेपछि कैदीबन्दीको अवस्थाबारे आफन्तहरू चिन्तित बनेका थिए । आइतबार आयोगका प्रतिनिधिसँगै कारागार प्रशासन, नेपाल प्रहरी, सशस्त्र प्रहरीको उपस्थितिमा थुनुवा कक्षमा प्रवेश गरी कैदीबन्दीको संख्या यकिन गरिएको हो । गणनाअनुसार कारागारको पुरुष राख्ने ‘ब्लक ए’ मा ३९६ र ‘ब्लक बी’ मा १९८ कैदीको गणना भएको छ भने महिलालाई राख्ने ‘ब्लक’मा ५६ जना छन् । जबकि उक्त कारागार १५० कैदीबन्दी क्षमताको हो। १५० को क्षमताको कारागारमा ७०० कैदीलाई राख्दा पनि समस्या भएको आयोगको निष्कर्ष छ । शनिबारको झडपमा ४९ जना घाइते र १ जनाको मृत्यु भएको समेत गरी कारागारमा ७०० जना कैदीबन्दी थिए। आइतबारको गणनाले संख्यामा तलमाथि नदेखिएको पाइएको छ ।


आयोगको सुदूरपश्चिम प्रदेश कार्यालय प्रमुख प्रकाशदत्त भट्टका अनुसार कैदीबन्दीको स्थानान्तरण गर्दा सम्बन्धित परिवारलाई जानकारी नदिएर आफूखुसी गर्ने गरिएको गुनासो आएको र क्षमताभन्दा बढी कैदीबन्दी राखेको देखिएकाले तत्काल ती समस्या समाधान गर्नुपर्ने बताएका छन् । साथै, सामान जाँच गर्ने मेसिनको व्यवस्था र तोकिएको दरबन्दीअनुसार जनशक्ति व्यवस्थापन गर्न आयोगले ध्यानाकर्षण गराएको छ।

शुक्रबार भएको झडपमा परी घाइते भएका धनगढी उपमहानगरपालिका-४ का ३६ वर्षीय भरत चौधरीको उपचारका क्रममा मृत्यु भएको थियो । घटनामा गम्भीर घाइते भएका २ जनाको सेती प्रादेशिक अस्पतालको सघन उपचार कक्षमा उपचार भइरहेको छ । गम्भीर घाइते अर्का १ जनालाई भने शनिबार नै थप उपचारका लागि काठमाडौँ लगिएको छ । अन्य घाइतेको सेती प्रादेशिक अस्पतालमा उपचार भइरहेको छ । मृतकको शव परिवारले बुझ्न मानेका छैनन् । मृतकका परिवारले घटनाको छानबिन गरी दोषीमाथि कारबाहीको माग गरिरहेका छन्। घटनाको छानबिन गर्न शनिबार नै सहायक प्रमुख जिल्ला अधिकारी किरण जोशीको संयोजकत्वमा छानबिन समिति गठन गरिएको छ ।

## महाकालीको तेज बहावले दुई बालिका बेपत्ता

**बिगूल समाचार**

**२६ साउन २०८२**



कञ्चनपुर । आईतवार महाकाली नदीमा नुहाउन गएका दुई बालिकालाई नदीको तेज बहावले बगाएर बेपत्ता बनाएको छ ।

भीमदत्त नगरपालिका-१२ ऐरी नजिक नदीमा खेलिरहेका बेला भीमदत्त नगरपालिका-११ की ६ वर्षीया सानवी पन्त र ७ वर्षीया जिविका पन्त बगेर हराएका हुन् ।

घटना भएको सूचना पाएपछि जिल्ला प्रहरी कार्यालय कञ्चनपुरबाट प्रहरी नायब उपरीक्षक सागर बोहराको नेतृत्वमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाली सेनाको टोली परिचालन गरिएको छ ।

हाल दुवै बालिकाको खोजी कार्य तीव्र पारिएको प्रहरीले जनाएको छ । स्थानीयले बताए अनुसार सो क्रममा अन्य बालबालिकाहरू पनि नदीमा नुहाइरहेका थिए, तर ती मध्ये दुई जना मात्र पानीको तीव्र बहावमा बगेर बेपत्ता भएका हुन् ।

प्रहरीले नदीको किनारदेखि तलसम्म खोजी जारी राखेको र आवश्यक उपकरण तथा डुंगासमेत प्रयोग भइरहेको जानकारी दिएको छ ।

## सम्पादकीय

### जातीय विभेदः एक गम्भीर सामाजिक असमानता

नेपालमा जातीय विभेदको जरा हजारौं वर्ष पुरानो हिन्दु वर्ण व्यवस्थामा छ । यस व्यवस्थाले मानिसलाई जन्मका आधारमा विभिन्न वर्गमा विभाजन गऱ्यो र 'अछूत' भनी तोकिएका समुदायलाई सामाजिक, आर्थिक र राजनीतिक अवसरहरूबाट वञ्चित गऱ्यो । कानूनले जातीय विभेदलाई दण्डनीय अपराध मानेको छ, तर समाजको मानसिकतामा यसको गहिरो प्रभाव अझै पनि जीवित छ ।

नेपालमा जातीय विभेद आज पनि हाम्रो समाजको एक गहिरो घाउको रूपमा रहिरहेछ । संविधानले सबै नागरिकलाई समान अधिकार दिएको दाबी गरिए पनि व्यवहारमा अझै पनि विभेदका घटनाहरू देखिनु दुःखद र लज्जास्पद हो । यो केवल दलित समुदायको मात्र समस्या होइन, यो सम्पूर्ण समाजको साझा पीडा हो, जसले हाम्रो राष्ट्रिय एकता, सामाजिक प्रगति र आर्थिक विकासमा गम्भीर अवरोध पुऱ्याइरहेको छ ।

हजारौं वर्ष पुरानो वर्ण व्यवस्था र त्यसले सिर्जना गरेको 'उच्च-निम्न' को सोच आज पनि हाम्रो चेतनाभित्र गहिरो गरी गाडिएको छ । जन्मका आधारमा मानिसलाई वर्गीकरण गर्ने यो अमानवीय सोचका कारण 'अछूत' भनेर चिनिएका समुदायहरू शताब्दीयौंदेखि अवसरबाट वञ्चित भइरहेका छन् । कानुनले स्पष्ट रूपमा जातीय विभेदलाई दण्डनीय अपराधको सूचीमा राखेको छ, तर कानुनको पुस्तकमै सीमित प्रभावले वास्तविक जीवनमा पीडितहरू न्यायबाट टाढा रहन बाध्य छन् ।

विभिन्न मानवअधिकारवादी संस्था र राष्ट्रिय दलित आयोगका प्रतिवेदनहरूले छुवाछूत, मन्दिर प्रवेशमा रोक, पानी नचल्ने, अन्तरजातीय विवाहका कारण हुने हिंसा जस्ता घटनाहरू अझै पनि कायम रहेको प्रमाणित गरेका छन् । यी घटनाहरू केवल केही टाढाको गाउँमा मात्र सीमित छैनन् ; शहरी क्षेत्रमा पनि मानसिक विभेदको भूत घुमिरहेको छ । आर्थिक क्षेत्रमा समेत यो विभेद स्पष्ट छ । नेपाल राष्ट्र बैंकको अध्ययनले देखाएअनुसार दलित समुदायको औसत आम्दानी अन्य समुदायको तुलनामा उल्लेखनीय रूपमा कम छ, र गरिबीको दर अत्यधिक छ । रोजगारीमा भेदभाव, अवसरको अभाव र पूँजीको पहुँच नहुनु उनीहरूको आर्थिक सशक्तीकरणमा ठूला बाधक बनेका छन् ।

शिक्षामा पनि समान पहुँच अझै सपना मात्र बनेको छ । ग्रामीण भेगका विद्यालयमा दलित बालबालिकालाई अपहेलना गर्ने, उनीहरूलाई छुट्टै बसाल्ने वा पढाइमा बेवास्ता गर्ने जस्ता व्यवहार अझै पनि हुने गरेका छन् । यसले उनीहरूको आत्मविश्वास मात्र कमजोर बनाउँदैन, भविष्यको बाटो पनि साँघुरो पारिदिन्छ । राजनीतिक क्षेत्रमा आरक्षणको व्यवस्था भए तापनि निर्णायक तहमा दलितहरूको सहभागिता न्यून छ, जसले उनीहरूको आवाज नीति निर्माणमा कमजोर बनाइदिएको छ ।

यस समस्याको समाधानका लागि केवल कानुन बनाउनु पर्याप्त छैन । समाजको सोच परिवर्तन नगरी जातीय विभेद अन्त्य गर्न सकिँदैन । त्यसका लागि विद्यालयदेखि गाउँसम्म सचेतना अभियानहरू चलाउनुपर्छ, जसले प्रत्येक नागरिकलाई यो बुझाउँछ कि जातीय विभेद केवल पीडितलाई मात्र होइन, सम्पूर्ण समाजलाई कमजोर बनाउने अपराध हो । दलित समुदायका बालबालिकालाई गुणस्तरीय शिक्षामा पहुँच दिलाउन विशेष कार्यक्रमहरू आवश्यक छन् । आर्थिक सशक्तीकरणका लागि उनीहरूको सीप विकास र उद्यमशीलतालाई प्रोत्साहन गर्नुपर्छ । सबैभन्दा महत्त्वपूर्ण कुरा, विभेदका घटनामा संलग्न दोषीलाई कुनै पनि हालतमा उन्मुक्ति नदिई कडा कारबाही गर्नुपर्छ ।

हामीले कल्पना गरेको समृद्ध, समान र समावेशी नेपाल केवल कानुनी कागजमा होइन, व्यवहारमा पनि मूर्त रूप लिनुपर्छ । जातीय विभेदलाई इतिहासको कालो पृष्ठमा सीमित गर्नका लागि सरकार, नागरिक समाज, राजनीतिक दल र प्रत्येक सचेत नागरिकले आ-आफ्नो जिम्मेवारी इमानदारीपूर्वक निर्वाह गर्नुपर्छ । हामीले आजैबाट कदम चाल्न सके मात्र भोलिको पुस्ताले समानताको साँच्चा अनुभव गर्न पाउनेछ । जातीय विभेद अन्त्य गर्नु केवल पीडितको माग होइन, यो हाम्रो साझा नैतिक र राष्ट्रिय दायित्व हो । त्यसैले सार्वजनिक क्षेत्रमा र सार्वजनिक पदमा वसेका व्यक्तिहरूले छुवाछुत मस्तकबाट हटाउने हो भने हाम्रो पालामा परिवर्तन सम्भव छ ।

# सत्य बोल्ने स्वतन्त्रता र पेट पाल्ने वाध्यताको लडाइँ



प्रेमचन्द्र झा

**पैसाको लागि समाचार लेख्ने, धम्क्याएर पैसा असुल गर्ने, वा संस्थाको नाममा व्यक्ति विशेषको पक्षपाती रिपोर्ट लेख्ने कामले पत्रकारिताप्रतिको जनआस्थालाई कमजोर बनाएको छ । जब पेशा नै स्वार्थको माध्यम बन्छ, तब त्यो पेशा समाजको हित होइन, विनाशतर्फ अग्रसर हुन्छ ।**

नेपालका पत्रकार आज एउटै समयमै दुईवटा लडाइँ लडिरहेका छन्  सत्य बोल्ने स्वतन्त्रताको र पेट पाल्ने वाध्यताको । यी दुवै लडाइँ जित्न सक्ने उपाय भनेको व्यवस्था, चेतना र पेशागत ईमानदारीको समायोजन हो । यदि हामी पत्रकारिता बचाउन चाहन्छौं भने, सबै सरोकारवालाहरूले यो संकटलाई गम्भीर रूपमा लिएर, समाधानतर्फ गम्भीर कदम चाल्न ढिलाई भएको छ । यस सन्दर्भमा हाम्रो संविधानले दिएको अधिकारबारे स्पष्ट हुनु जरुरी छ । नेपालको संविधान, २०७२ को धारा १७ ले विचार तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकारलाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ ।

धारा १७ (२) (क) मा प्रत्येक नागरिकलाई 'विचार र अभिव्यक्तिको स्वतन्त्रता हुने' उल्लेख गर्दै प्रतिबन्धात्मक वाक्यांशमा त्यस्तो अधिकार भए तापनि त्यस व्यवस्थाले 'नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनतामा वा संघीय इकाइ वा विभिन्न जात, जाति, धर्म, सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्ने, जातीय भेदभाव वा छुवाछूतलाई दुरुत्साहन गर्ने, श्रमप्रति अवहेलना गर्ने, गाली बेइज्जती, अदालतको अवहेलना हुने, अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकुल हुने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन' भनी उल्लेख गरिएको छ ।

**सञ्चारसम्बन्धी हक**

नेपालको संविधान धारा १९ मा सञ्चारसम्बन्धी देहाय बमोजिमको हकको व्यवस्था गरिएको छ :

१) विद्युतीय प्रकाशन, प्रसारण तथा छापा लगायतका जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य, श्रव्यदृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न पूर्व प्रतिबन्ध लगाइनेछैन । तर नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा संघीय इकाइबीचको सु-सम्बन्ध वा विभिन्न जात, जाति, धम वा सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्ने, राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार, नैतिकताको प्रतिकूल कार्य गर्ने, श्रमप्रति अवहेलना गर्ने र जातीय छुवाछूत एवं लैंगिक भेदभावलाई दुरुत्साहन गर्ने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिनेछैन ।

२) कुनै श्रव्य, श्रव्यदृश्य वा विद्युतीय उपकरणको माध्यम वा छापाखानाबाट कुनै समाचार, लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामग्री मुद्रण वा प्रकाशन, प्रसारण गरे वा छापेबापत त्यस्तो सामग्री प्रकाशन, प्रसारण गर्ने वा छाप्ने रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय उपकरण, छापा वा अन्य सञ्चार माध्यमलाई बन्द, जफत वा दर्ता खारेज वा त्यस्तो सामग्री जफत गरिनेछैन । तर यस उपधारामा लेखिएको कुनै कुराले रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय उपकरण, छापाखाना वा अन्य सञ्चार माध्यमको नियमन गर्न ऐन बनाउन बन्देज लगाएको मानिने छैन ।

३) कानुन बमोजिमबाहेक कुनै छापा, विद्युतीय प्रसारण तथा टेलिफोन लगायतका सञ्चार साधनलाई अवरुद्ध गरिनेछैन । तर संविधानको यो हक के कति सदुपयोग भएको छ त ? भन्ने प्रश्न निकै पेचिलो छ ।

धेरैजसो मिडिया संस्थान निजी व्यापारी वा राजनीतिक व्यक्तिहरूको स्वामित्वमा छन् । जसका कारण सम्पादकीय स्वतन्त्रता पनि चुनौतिका रुपमा खडा भएको छ ।

सम्पादक वा पत्रकारले समाचार लेख्नुभन्दा पहिला मालिक वा विज्ञापनदाताको रुझान बुझ्नुपर्छ । यस्ता संरचनामा समाचार सत्यतामा होइन, आदेशमा आधारित हुन्छ । समाचार चयनको मापदण्ड शक्तिशालीको हितमा रहन्छ, जसले आम नागरिकको आवाजलाई ओझेल पार्छ । राजनीतिक दलहरूको प्रभावमा अर्को विकृति हो । कतिपय मिडिया तथा मिडियाकर्मी निश्चित राजनीतिक दलको प्रवक्ताजस्ता बन्दै गएका छन् ।

कतिपय मिडिया खुलेआम पार्टी प्रवक्ताजस्तो व्यवहार गर्छन् भने कतिपय पत्रकारहरू आफैं पार्टीको कार्यकर्ताझैं प्रस्तुत हुन्छन् । यस्तो पक्षधरताले निष्पक्ष पत्रकारिताको चिह्न मेटाइरहेको छ । तथ्य होइन, विचार आधारित रिपोर्टिङको नाममा भ्रम फैलाउने प्रवृत्ति बढ्दै गएको छ । जनतालाई सुसूचित गर्ने होइन, दिशाभ्रमित गर्ने समाचारहरू प्रकाशित भइरहेका छन् ।

प्रेस स्वतन्त्रता संविधानले सुनिश्चित गरे पनि व्यवहारमा पत्रकारहरू अझै पनि असुरक्षित छन् । लामो समय काम गर्ने, अतिरिक्त घण्टा काम गर्दा पनि कुनै पारिश्रमिक नपाउने, तलब समयमा नपाउने, सामाजिक सुरक्षाबाट बञ्चित हुने जस्ता समस्या धेरै पत्रकारका दिनचर्या भइसकेका छन् । श्रम ऐनले दिएको हक कतिपय मिडिया संस्थाले पालना गर्दैनन् र कारबाहीको प्रक्रिया पनि प्रभावहीन छ । यसले पत्रकारलाई मानसिक तनाव, पेशागत निराशा र आत्मसमर्पणको बाटोमा धकेल्छ ।

खासगरी ग्रामीण क्षेत्रमा काम गर्ने पत्रकारहरू स्थानीय नेताहरू, माफियाहरू, र प्रशासनिक दबाबको चपेटामा छन् । समाचार लेखेकै भरमा कुटपिट, झूटा मुद्दा वा धम्की खाने अवस्था सामान्य जस्तै भइसकेको छ । यस्तो स्थितिमा पत्रकारले सत्य बोल्नुभन्दा मौन बस्न रुचाउँछन् । आत्म-सेंसरशिप पत्रकारिताको एउटा अनिवार्य अभ्यासजस्तो बनिसकेको छ ।

नेपाली पत्रकारितामा नैतिक मूल्य र आचारसंहिता पनि चुनौतीमा छन् । पत्रकारिता पेशाको विश्वसनीयतामा प्रश्न उठ्ने अवस्था सिर्जना हुनुमा केही पत्रकारहरूकै भूमिका पनि जिम्मेवार छ । पैसाको लागि समाचार लेख्ने, धम्क्याएर पैसा असुल गर्ने, वा संस्थाको नाममा व्यक्ति विशेषको पक्षपाती रिपोर्ट लेख्ने कामले पत्रकारिताप्रति जनआस्थालाई कमजोर बनाएको छ । जब पेशा नै स्वार्थको माध्यम बन्छ, तब त्यो पेशा समाजको हित होइन, विनाशतर्फ अग्रसर हुन्छ ।

अनुसन्धान पत्रकारिता, तथ्य-आधारित रिपोर्टिङ, डिजिटल माध्यम प्रयोगजस्ता विषयमा पर्याप्त दक्षता विकास भएको छैन । अधिकांश पत्रकारहरूले प्रयोगशैलीमा अपडेट पाउन सकेका छैनन् । प्रविधि यति छिटो अगाडि बढिरहेको छ, तर पत्रकार तयार छैनन् । यो खाडलले सतही र अप्रभावकारी पत्रकारिताको बाढी ल्याएको छ ।आर्थिक भार थेग्न नसकेर बन्द हुने, कर्मचारी छँटनी गर्ने, वा संस्थागत विलयमा जानुपर्ने अवस्थामा परम्परागत मिडिया छन् । अर्कोतिर अनलाइन मिडियाको बाढीले सूचना सम्प्रेषण त सहज बनाएको छ, तर आम्दानीको सुनिश्चित मोडल नभएकोले गुणस्तरमा ठूलो गिरावट आएको छ । फेक न्यूज, क्लिकबेट, र सेन्सेशनलिज्मको प्रवृत्ति हावी हुँदै गएको छ । प्रतिस्पर्धा तीव्र छ, तर रोजगारी अस्थिर हुँदै गएको छ ।

पत्रकारिताको मूल चरित्र सत्यको खोजी, जनताको आवाज र सत्ता-प्रशासनलाई जवाफदेही बनाउन प्रयास गर्नु हो । पत्रकार स्वतन्त्र हुन सकेन भने समाचार स्वतन्त्र हुँदैन । पत्रकार सुरक्षित छैन भने सूचना पनि सुरक्षित हुँदैन । पत्रकार शिक्षित छैन भने समाज अन्धकारमा रहन्छ । त्यसैले आज नेपालमा पत्रकारिता पेसाको अस्तित्व र गरिमा दुबै संकटमा छ ।

यी समस्या समाधानका लागि राज्यले पत्रकारहरूको श्रम अधिकार सुनिश्चित गर्न स्पष्ट कानुनी संरचना बनाउनु आवश्यक छ । श्रम ऐनको कार्यान्वयन कडाइका साथ हुनुपर्छ । सञ्चारगृहहरूले न्यूनतम पारिश्रमिक, सामाजिक सुरक्षा र श्रम सम्झौता अनिवार्य गर्नुपर्छ ।

प्रेस काउन्सिल वा पत्रकार महासंघले आचारसंहिता उल्लंघन गर्ने मिडिया संस्थाहरूको पहिचान गरी कारबाही गर्न सक्नुपर्छ । पत्रकारिताको शुद्धिकरण स्वयं पत्रकारिता जगत्बाट हुनुपर्छ ।

यसैगरी सम्पादकीय स्वतन्त्रता कायम राख्न संरचनात्मक सुधार गर्नुपर्छ । मिडिया मालिक र सम्पादकीय पक्षबीच स्पष्ट सम्वन्ध स्थापित हुनुपर्छ । तालिम, अनुसन्धान फेलोशिप र प्रविधिमा सशक्तीकरणका कार्यक्रमहरू सञ्चालन गर्न राज्य, मिडिया संस्थान र अन्तर्राष्ट्रिय निकायहरू एकताबद्ध हुन आवश्यक छ । यति भन्दै गर्दा जनताको चेतना सबैभन्दा महत्वपूर्ण हुन्छ । जनताले सस्तो प्रचारको पछाडि नलागी गुणस्तरीय पत्रकारिताको माग गर्नुपर्छ । किनकि पाठककै चेतनाले पत्रकारको कलम स्वतन्त्र बनाउँछ ।


## गन्यापधुरा गाउँपालिका डडेल्धुराको अनुरोध

- **बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।**
- **शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने,  सिक्ने र हुर्कने अवसर दिऔं ।**
- **जैविक विविधताको संरक्षण, संवर्धन र रक्षा गरौं । प्राकृतिक सन्तुलन कायम राख्न यो अपरिहार्य छ । वातावरण सफा राख्नका लागि  वृक्षारोपण गरौं ।**
- **स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।**
- **सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ।  घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।**
- **बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।**
- **व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।**
- **लागु औषधमुक्त समाजको निर्माण गरौं  लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले  लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।**

**गन्यापधुरा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**बडाल, डडेल्धुरा**

## डडेल्धुरा जिल्ला केहि महत्वपूर्ण नम्बरहरु

- लाल बिगूल दैनिक:- ९८५८७५१६००/९८०५५९९७५०
- जिल्ला प्रशासन कार्यालय डडेल्धुरा:- ०९६-४२०१३३/४२०५५५
- जिल्ला अदालत डडेल्धुरा:- ०९६-४२०१३०/४२०४८३
- जिल्ला समन्वय समिति डडेल्धुरा:- ०९६-४१०१४४
- जिल्ला प्रहरी कार्यालय डडेल्धुरा:- ०९६-४२०१९९/४२०१७६
- रणबम गण दहब्यारेक डडेल्धुरा:- ०९६-४२०२००/४२०५००
- राष्ट्रिय अनुसन्धान कार्यालय डडेल्धुरा: ०९६-४२०१७७
- रा.प्र.ब. नेपाल ५२ नं. गुल्म हेडक्वाटर:- ९८५१२७२५१३
- डडेल्धुरा अस्पताल डडेल्धुरा:- ०९६-४१०२४५/४२०१६५
- शिक्षा विकास तथा समन्वय इकाई डडेल्धुरा:- ०९६-४२०१३५
- भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र डडेल्धुरा:- ०९६-४१०११४
- खनेपानी तथा सरसफाई डिभिजन कार्यालय डडेल्धुरा:- ०९६-४१०१५०
- स्वास्थ्य कार्यालय डडेल्धुरा:- ०९६-४१०११८/४१०२३८
- डिभिजन बन कार्यालय डडेल्धुरा:- ०९६-४२०१४५
- जिल्ला सरकारी वकिल कार्यालय डडेल्धुरा:- ०९६-४२०२३७
- जलस्रोत तथा सिचाई डिभिजन कार्यालय डडेल्धुरा:- ०९६-४१०१२५
- कृषि ज्ञान केन्द्र डडेल्धुरा:- ०९६-४१०११२
- भू- तथा जलाधार व्यवस्थापन कारयालय डडेल्धुरा:- ०९६-४१०११५
- मालपोत कार्यालय डडेल्धुरा:- ०९६-४१०१७१
- नापी कार्यालय डडेल्धुरा:- ०९६-४१०१६७
- कोष तथा लेखा नियन्त्रण कार्यालय डडेल्धुरा:- ०९६-४१०१७७
- जिल्ला आयुर्वेदिक स्वास्थ्य केन्द्र डडेल्धुरा:- ०९६-४१०१०६
- घरेलु तथा साना उद्योग कार्यालय डडेल्धुरा:- ०९६-४१०१६४
- तरकारी विउ उत्पादन केन्द्र डडेल्धुरा:- ०९६-४२०१७५
- जिल्ला निर्वाचन कार्यालय डडेल्धुरा:- ०९६-४१०१५४
- जिल्ला हुलाक कार्यालय डडेल्धुरा:- ०९६-४२०१४१
- शाखा तथ्याङ्क कार्यलय डडेल्धुरा:- ०९६-४१०१८५
- जल तथा मौसम विज्ञान विभाग डडेल्धुरा:- ०९६-४२०२२१
- डडेल्धुरा कारागार शाखा:- ०९६-४१९२१५
- जिल्ला खेलकुद समिति डडेल्धुरा:- ९८४८७२८२६३
- यातायात कार्यालय डडेल्धुरा:- ०९६-४२०२४१
- सामाजिक विकास कार्यालय डडेल्धुरा:- ९८५८७८३२३२
- अमरगढी नगरपालिका डडेल्धुरा:- ०९६-४१०२२२
- परशुराम नगरपालिका डडेल्धुरा:- ०९६-४११००४
- अजयमेरू गाउँपालिका डडेल्धुरा:- ९८५५७८५५५०
- गन्यापधुरा गाउँपालिका डडेल्धुरा:- ९८५८७८८७०७
- आलिताल गाउँपालिका डडेल्धुरा:- ९८५८७८१०२०
- भागेश्वर गाउँपालिका डडेल्धुरा:- ९८४१९६३८९६
- नवदुर्गा गाउँपालिका डडेल्धुरा:- ९८५८७४५४३०
- प्रधानमन्त्री कृषि आधुनीकरण परियोजना:- ०९६-४१००९२
- आन्तरिक राजश्व कार्यालय डडेल्धुरा:- ०९६-४१०३०८
- खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय:- ९८५८७७५००४
- पूर्वाधार विकास कार्यालय डडेल्धुरा:- ०९६-४१००६१
- राष्ट्रिय परीक्षा बोर्ड डडेल्धुरा:- ०९६-४२०२१३/४२०२१४
- नेपाल विद्युत प्राधिकरण डडेल्धुरा:- ०९६-४२०२४५/४२०४७५
- दुरसञ्चार कार्यालय डडेल्धुरा:- ०९६-४२०१०८
- साल्ट ट्रेडिङ्ग डडेल्धुरा:- ९८४८८०५५८२
- जोगबुढा अस्पताल लालढुङ्गा डडेल्धुरा:- ०९६-४११००८
- इलाका प्रशासन कार्यालय जोगबुढा डडेल्धुरा:- ०९६-४११०७२
- डडेल्धुरा उग्रतारा यातायात प्रा.लि. डडेल्धुरा:- ०९६-४२००६३
- बिजुली बस सेवा प्रा.लि. डडेल्धुरा:- ९८५८७५३०५५
- डडेल्धुरा सार्वजनिक पुस्तकालय डडेल्धुरा:- ०९६-४२०३५३
- जिल्ला रेडक्रस ब्लडका लागि:- ९८४७०९०१७४
- एम्बुलेन्स डडेल्धुरा अस्पताल:- ०९६-४१०१६५
- उद्योग विणिज्य संघ डडेल्धुरा:- ०९६-४२०६११
- बहुउद्देश्यीय विकास समाज डडेल्धुरा:- ०९६-४१००१३
- रुडुक डडेल्धुरा:- ०९६-४१०४०२
- महिला मुक्ति समाज डडेल्धुरा:- ०९६-४२०३८९
- एकीकृत विकास समाज डडेल्धुरा:- ०९६-४२०१७९
- हरमस नेपाल:- ०९६-४२०१४७
- नेपाली काङ्ग्रेस डडेल्धुरा:- ०९६-४२०१६९
- नेकपा एमाले डडेल्धुरा:- ०९६-४१०१०५
- नेकपा (माओवादी केन्द्र) डडेल्धुरा:- ९८५११५१००८
- राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ९८४९७११५३८
- नेकपा एकीकृत समाजवादी डडेल्धुरा:- ९८५८७५१४३५
- डडेल्धुरा बहुमुखी क्याम्पस डडेल्धुरा:- ०९६-४१०१८९
- त्रिवेणी बहुमुखी क्याम्पस जोगबुढा:- ९८५८७८६२५८
- भिमदत्त बहुमुकी क्याम्पस डडेल्धुरा:- ०९६-४२०७५०
- मिहेन्द्र मा.वि. डडेल्धुरा :- ९८४८७६६०३०
- न्यू कैलपाल अप्सेट प्रेस, डडेल्धुरा :- ०९६-४१०११६

**तपाईको ठाउँमा हुने हरेक घटना समाचार बन्न सक्छन् त्यसैले तपाईहरूको साथी लाल बिगूल राष्ट्रिय दैनिकलाई सम्भिनु होला।**

# अमेरिकामा अर्को नेपाली परिवारको दुखद अन्त्य

# पत्नी र छोराको हत्यापछि आत्महत्या

**बिगूल समाचार**
**२६ साउन २०८२**

अमेरिकामा बस्दै आएका एक नेपालीले एक छोरा सहित श्रीमतीको हत्या गरेर आत्महत्य गरेका छन ।

अमेरिकाको टेक्सस राज्यको डालास सहरमा भएको गोली काण्डमा एकै परिवारका तीन नेपालीको मृत्यु भएको छ। डालास प्रहरीका अनुसार शनिबार बिहान २:१० बजे डडली स्ट्रिटको १९०० ब्लकमा भएको यो घटनामा



५३ वर्षीय ललित प्रधानले आफ्नी ३७ वर्षीया पत्नी रञ्जना श्रेष्ठ र तीन वर्षीय छोरा प्रनिश प्रधानलाई गोली हानी हत्या गरेका थिए। त्यसपछि ललितले सोही पेस्तोल प्रयोग गरी आफूमाथि गोली प्रहार गरेर आत्महत्या गरेको प्रहरीको प्रारम्भिक अनुसन्धानले देखाएको छ ।

प्रहरीका अनुसार रञ्जना र प्रनिशको घटनास्थलमै मृत्यु भएको थियो भने ललितलाई अस्पताल पुऱ्याएपछि मृत घोषणा गरिएको थियो । ललित लामो समयदेखि डिप्रेसनको औषधि सेवन गर्दै आएका थिए । घटनाको एक दिनअघि उनले आफ्नो फेसबुकमा लामो समयदेखि तनावमा रहेको र काममा उपस्थित हुन नसकेको उल्लेख गरेका थिए ।

उनले लेखेका थिए, “मेरो परिवार र मैले सरकारी सेवाहरू प्राप्त गर्न सकेका छैनौं, जसले हामीलाई कठिन परिश्रम गर्न बाध्य बनाएको छ ।”

नेपाली समाज टेक्सस (एनएसटी)का महासचिव विजय भुसालका अनुसार ललित भुटानी शरणार्थी र रञ्जना नेपाली मूलकी थिइन् । “हामी प्रहरीसँग निरन्तर सम्पर्कमा छौं र नेपालमा आफन्तहरूसँग समन्वय गर्ने प्रयास गरिरहेका छौं,” भुसालले भने ।“हामी संस्थागत रूपमा आफन्तहरू सँग जोडिन र शव नेपाल पठाउने प्रक्रियामा सहयोग गर्न प्रयासरत छौं।” प्रहरीले यो घटनालाई हत्यापछि आत्महत्याको रूपमा प्रारम्भिक अनुसन्धान गरेको छ । एनएसटीले नेपालमा रहेका आफन्तहरूसँग समन्वय गर्न र आवश्यक सहयोग प्रदान गर्न पहल गरिरहेको छ ।


## आलिताल गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै विद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- जैविक विविधताको संरक्षण, संवर्धन र रक्षा गरौं । प्राकृतिक सन्तुलन कायम राख्न यो अपरिहार्य छ । वातावरण सफा राख्नका लागि वृक्षारोपण गरौं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**आलिताल गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**भीमदत्तपूर डडेल्धुरा**


## डडेल्धुरा अस्पताल डडेल्धुरा

### समाजिक सेवा एकाईमा समावेश भएका लक्षित समूहहरू

| क्र.सं. | लक्षित समुह | आवश्यक कागजातहरू |
|---|---|---|
| १ | गरिब | नेपाल सरकारबाट प्रदान गरिएको परिचय पत्र, स्थानीय निकायको सिफारिस र उपचारमा संलग्न |
| २ | असहाय | नेपाल सरकारबाट प्रदान गरिएको परिचय पत्र, स्थानीय निकायको सिफारिस र उपचारमा संलग्न |
| ३ | अपाङ्ग भएको व्यक्ति | नेपाल सरकारबाट प्राप्त अपाङ्ग परिचय पत्र, परिचय पत्र-'क'वर्गकोलाई पूर्ण तथा 'ख' वर्गलाई छुट |
| ४ | जेष्ठ नागरिक | नेपाल सरकारबाट जेष्ठ नागरिकका रूपमा समाजिक सुरक्षा भत्ता पाउने गरी उपलब्ध गराईएको परिचयपत्र |
| ५ | लैङ्गिक हिंसा प्रभावित (बालवालिका समेत) | जिल्ला प्रहरी तथा जिल्ला प्रशासन कार्यालय र अस्पतालको एकद्बार संकट व्यवस्थापन केन्द्रको लैङ्गिक |
| ६ | महिला स्वास्थ्य स्वयम सेविका | महिला स्वास्थ्य स्वयम सेविका परिचय पत्र |
| ७ | प्राकृतिक प्रकोपबाट प्रभावित व्यक्ति | जिल्ला प्रहरी तथा जिल्ला प्रशासन र सबन्धित निकायको सिफारिस पत्र |
| ८ | शहिद परिवार | शहिद परिवार परिचय पत्र |
| ९ | कुपोषित बालवालिका | उपचारमा संलग्न चिकित्सक/स्वास्थ्यकर्मीको सिफारिस |
| १० | लोपउन्मुख जाती | संवैधानिक व्यवस्था अनुसारका जातीहरु |
| ११ | दुर्घटना परेका र प्रहरीद्बारा ल्याईएको थुनुवा | संलग्न प्रहरी प्रतिवेदन र पत्र |

नोटः आवश्यक कागजात र प्रक्रिया नपुगेका व्यक्तिहरूलाई सामाजिक सेवा उपलब्ध हुने छैन ।

- हाललाई एक व्यक्तिलाई एक महिनामा एक पटक मात्र सामाजिक सेवा मार्फतको सेवा उपलब्ध गराईनेछ ।
- नयाँ विमारीका हकमा सामाजिक सेवा इकाई मार्फतको ओ.पि.डि. । टिकट बनाउने समय-सार्वजनिक बिदाका दिन बाहेक बिहिवार सम्म बिहान १०:०० बजे देखि दिउँसो १:०० बजेट सम्म र शुक्रबार १२:०० बजे सम्म मात्र

**सामाजिक सेवा एकाई**

# बानियाँले विश्वासको मत लिनुअघि दबाब बढाउँदै बहादुर, सहमति कार्यान्वयन नभए राजीनामाको रणनीतिमा

**बिगूल समाचार**
**२६ साउन २०८२**

बागमती प्रदेशका पूर्वमुख्यमन्त्री लामाले ३ मन्त्री नियुक्ति गर्नुपर्ने अडान लिँदा मुख्यमन्त्री बानियाँलाई विश्वासको मत लिन असहज भएको छ।

सहमति कार्यान्वयन नभए लामा पक्षले सांसद पदबाट सामूहिक राजीनामा दिने रणनीति बनाएको छ भने बानियाँलाई विश्वासको मत नदिने पक्षमा देखिएको छ।

मुख्यमन्त्री बानियाँले साउन २७ गते विश्वासको मत लिने तयारी गरेका छन्, तर उनले आफ्नै संसदीय दलको विश्वास जित्नुपर्ने चुनौती छ।

पूर्वसहमति अनुसार आफ्नो पक्षबाट ३ मन्त्री नियुक्ति र शपथ ग्रहणको बटम लाइनमा बागमती प्रदेशका पूर्वमुख्यमन्त्री बहादुर सिंह लामा अडिग रहँदा मुख्यमन्त्री इन्द्र बहादुर बानियाँलाई विश्वासको मत लिन असहज हुँदै गएको छ।

नेपाली कांग्रेसका १४ सांसदको नेतृत्व गरिरहेका पूर्वमुख्यमन्त्री लामा आफूसँगको सहमति अनुसार ३ सांसदलाई मन्त्री बनाउनुपर्ने बटम लाइन पूरा हुनुपर्ने अडानमा छन्।

सहमति कार्यान्वयन नभए लामा नेतृत्वको टोली सांसद पदबाट सामूहिक राजीनामासम्मको रणनीतिमा छ। लामा टोली सहमति कार्यान्वयन नभए नवनियुक्त मुख्यमन्त्री इन्द्रबहादुर बानियाँलाई विश्वासको मत नदिने पक्षमा देखिएको छ।

मुख्यमन्त्री बानियाँले साउन २७ गते विश्वासको मत लिने तयारी गरेका छन्। त्यसअघि उनले आफ्नै संसदीय दलको विश्वास जित्नुपर्ने चुनौती खडा भएको छ।

बानियाँले संसदीय दलको नेतामा लामालाई पराजित गरेका थिए। संसदीय दलमा पराजित गरेसँगै मुख्यमन्त्री पदबाट राजीनामा दिन लामामाथि नैतिक दबाब बढेको थियो।

यतिबेला लामा पक्ष पनि बानियाँसँग बदला लिने मुडमा पुगेको छ। बागमती कांग्रेस संसदीय दलमा प्रत्यक्ष रूपमा दुई धार देखिएको छ। विश्वासको मत लिने तयारीमा रहेका मुख्यमन्त्री बानियाँ केही दिनदेखि काठमाडौँमै बसेर पार्टीका शीर्ष नेतासँग अनुकूल परिस्थिति निर्माण गरिदिन लबिङ गरिरहेका छन्।

पूर्वमुख्यमन्त्री लामा पनि साउन २० देखि काठमाडौँमै रहेर छलफल गरिरहेका छन्। पूर्वसहमति अनुसार आफ्ना पक्षका ३ जना (गोविन्द लम्साल, गीता गुरुङ र माया श्रेष्ठ)लाई मन्त्री नियुक्त गर्नुपर्ने उनको अडान छ।

मुख्यमन्त्रीले विश्वासको मत लिनु अघि नै आफ्ना पक्षका तीन जनालाई मन्त्री बनाउनुपर्ने उनको माग छ। सहमति कार्यान्वयन नभए विश्वासको मत नदिने तयारी भइरहेको सो पक्षका एक सांसदले रातोपाटीलाई बताए। परिस्थिति अनुकूल नभए संयुक्त रूपमा राजीनामा दिने भन्ने विषय पनि उठेको पूर्वमुख्यमन्त्री लामाले समेत स्वीकार गरे।

'हामी छलफलमा छौँ। मुख्यमन्त्रीले हामीलाई समेट्न सक्नु भएको छैन। हामी सहमति अनुसार अघि बढ्नुपर्छ भन्ने मागमा छौँ,' उनले भने, 'उहाँहरूले समेट्न खोज्नु भएको छैन।'

आफूहरूले मुख्यमन्त्रीलाई विश्वासको मत दिने वा नदिने भन्ने निर्णय गरिनसकेको पूर्वमुख्यमन्त्री लामाको भनाइ छ। उनले भने, 'अन्तिम विकल्पको रूपमा राजीनामाको प्रस्ताव पनि आएको हो। त्यो अन्तिम विकल्प हो। हामी अझै छलफलमा छौँ। हामी सामूहिक निर्णय गरेर अघि बढ्छौँ।'

लामा पक्षमा रहेका सांसद उत्तम जोशीका अनुसार काठमाडौँमा सहमति कार्यान्वयन, सरकारको विश्वासको मतका विषयमा छलफल भइरहेको छ। आज पनि बैठक जारी रहेको र निष्कर्ष निस्किन बाँकी रहेको उनले बताए।

कुनै व्यक्ति केन्द्रित भएर नागरिकहरूको मतको अवमूल्यन गर्न नहुने जोशीले बताए। सहमति कार्यान्वयनका लागि अन्य विकल्पमा छलफल गरेर अघि बढ्नुपर्ने उनी बताउँछन्। राजीनामा गर्ने भन्दा पनि पार्टीको निर्देशन पालना गर्नुपर्ने उनको भनाइ छ। पूर्वसहमतिका विषय छलफलबाट समाधान गर्नुपर्ने उनले बताए।

यता सांसद तीर्थ लामा पार्टीले संस्थागत रूपमा निर्णय गरेर अघि बढेपछि स्वीकार गर्नुपर्ने बताउँछन्। मुख्यगरी कांग्रेस सभापति शेरबहादुर देउवा, बहादुर सिंह लामा र इन्द्रबहादुर बानियाँबिच निर्णय भइसकेको र सोही अनुसार अघि बढ्नुपर्ने उनले बताए।

उनका अनुसार कसले के भन्छ, कसलाई बनाउने भन्दा पनि पार्टीको नेतृत्वभन्दा बाहिर सरकार जानु हुँदैन भन्ने निष्कर्षमा सबै तयार छन्।

पार्टीभित्र सन्तुलन मिलाउन नसकिरहेका बखत नवनियुक्त मुख्यमन्त्री इन्द्रबहादुर बानियाँमाथि सङ्कट बढेको छ। नेपालको संविधानको धारा १६८ को उपधारा (२) अनुसार सरकारको नेतृत्व गरेका बानियाँले साउन २७ मा विश्वासको मत लिने तयारी गरेका छन्।

साउन २० मा कांग्रेस-एमालेका ६४ सांसदको समर्थनमा मुख्यमन्त्री बनेका बानियाँ पछिल्लो समय आफ्नै पार्टीका नेता तथा पूर्वमुख्यमन्त्री बहादुर सिंह लामाको अडानपछि समस्यामा देखिएका हुन्।

मुख्यमन्त्री बानियाँ संसदीय दलबाट ह्वीप जारी गरेर विश्वासको मत लिने पक्षमा छन्। सो अवस्थामा कांग्रेसका ३७ मध्ये बहादुर पक्षका १४ सांसदले धोका दिए सरकार नै ढल्ने अवस्था निम्तिन्छ।

११० सदस्यीय बागमती प्रदेश सभामा बानियाँलाई सरकार जोगाउन कम्तीमा ५६ सांसदको समर्थन आवश्यक हुन्छ। प्रदेश सभामा एमालेको २७ मत स्पष्ट रूपमा बानियाँको पक्षमा खस्नेछ। साझेदार दल एमालेबाट उनलाई विश्वासको मत दिन कुनै समस्या छैन। तर, मुख्यमन्त्री बानियाँ आफ्नै दलबाट दबाबमा छन्। ह्वीप जारी गरे पनि फ्लो क्रसको चुनौती कायमै हुने देखिन्छ।


## स्वास्थ्य कार्यालय डडेल्धुराको जनहितमा जारी सन्देश

- खोपले रोगबाट बचाउँछ त्यसैले सबै बालबालिकालाई पूर्ण खोप लगाउनुहोस्। नियमित खोप कार्यक्रममा सहभागी हुनुहोस्।
- सुरक्षित मातृत्व - गर्भवती महिलाले कम्तिमा चारपटक गर्भजाँच गराउनुहोस् र स्वास्थ्य संस्थामा नै प्रसूति गराउनुहोस्।
- गर्मी मौसममा हुन सक्ने झाडापखला लगायतका रोगहरूबाट बच्नका लागि साबुन पानीले हात धुनुहोस्, शुद्ध पानी पिउनुहोस्, खानेकुरा छोपेर राख्नुहोस्।
- क्षयरोग नियन्त्रण दुई हप्ता भन्दा बढी खोकी लागेमा क्षयरोग परीक्षण गराउनुहोस्। क्षयरोगको औषधि पूर्ण अवधि सेवन गर्नुहोस्।
- डेंगु रोकथामका पानी जम्ने भाँडाहरू खालीह गर्नुहोस्, लामखुट्टेको टोकाइबाट बच्नुहोस्, ज्वरो आएमा तुरुन्त स्वास्थ्य संस्थामा जानुहोस्
- पोषण सुधार हजार दिनका आमा र बच्चालाई पौष्टिक आहार दिनुहोस्,

सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
जिल्ला स्वास्थ्य कार्यालय, डडेल्धुरा

## जनहितमा जारी सन्देश

- बजारबाट खाद्य वस्तु खरिद गर्दा उत्पादन मिति (Manufacture Date), उपभोग मिति (Expiry Date) र ब्याच नम्बर अनिवार्यरूपमा जाँच गर्नुहोस्।
- प्याकेजिङ्ग नभएका, दुर्गन्धित, फोहर तथा शंकास्पद वस्तु नकिन्नुहोस्।
- गुणस्तर चिन्ह (जस्तैः NS मार्क) भएको वस्तु मात्र उपभोग गर्नुहोस्।
- नुन, तेल, चिनी, दुधजन्य पदार्थ लगायत दैनिक उपभोग्य वस्तु खरिद गर्दा सरकारी मापदण्डमा आधारित छन् कि छैनन् भन्ने जाँच गर्नुहोस्।
- कुनैपनि खाद्य वस्तुमा शंकास्पद गतिविधि देखिएमा वा म्याद नाघेका वस्तु बिक्री भइरहेको भएमा नजिकको उपभोक्ता मञ्च वा यस कार्यालयमा जानकारी गराउनुहोस्।
- कस्वस्थ्य जिवनका लागि सुरक्षित खानेकुराको आवश्यकता हुन्छ। त्यसैले झिंगा भन्केका वा धूलो परेका खुल्ला रूपमा बेचिने मिठाई, पानीपुरी, चटपटे जस्ता खानेकुरा नखानुहोस्।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय डडेल्धुरा

## अजयमेरु गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो। बाल श्रमको प्रयोग नगरौं। हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं।
- जैविक विविधताको संरक्षण, संवर्धन र रक्षा गरौं। प्राकृतिक सन्तुलन कायम राख्न यो अपरिहार्य छ। वातावरण सफा राख्नका लागि वृक्षारोपण गरौं।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाईंसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताको अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

अजयमेरु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भद्रपुर, डडेल्धुरा

## डिभिजन वन कार्यालय, डडेल्धुराको जनहितमा जारी सन्देश

वन संरक्षण हाम्रो दायित्व, समृद्धि र सन्तुलित वातावरणको आधार
वन छ भने जीवन छ, वन बचाऔं भविष्य बनाऔं।

वन क्षेत्रमा अवैध रूपमा चरिचरन गर्ने, दाउरा काट्ने, घाँस संकलन गर्ने, आगो लगाउने, बालुवा गिट्टी उत्खनन गर्ने कार्य गैरकानुनी हो। यस्तो कार्य गर्नेलाई वन ऐनअनुसार कानुनी कारबाही गरिनेछ।

सुदुरपश्चिम प्रदेश सरकार
उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, डडेल्धुरा


डडेल्धुरा जिल्लाबाट प्रकाशित लाल बिगूल राष्ट्रिय दैनिकका लागि प्रकाशक तथा सम्पादक : करन साउद,कार्यकारी सम्पादकः जानकी धामी कानुनी सल्लाहकारः- ओम प्रकास सावद, बजार व्यवस्थापकः मदन बोहरा प्रधान कार्यालय अमरगढी ०५ डडेल्धुरा सम्पर्क नं. ९८५८७५१६०० इमेल : lalbigul.news@gmail.com मुद्रणः न्यू कैलपाल अफसेट प्रेश डडेल्धुरा